स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

आगामी कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्म 'एक्टर'मा अभिनेता प्रदीप खड्काको जोडी अभिनेत्री द्वय आना शर्मा र दिव्या रायमाझीसँग बाँधिएको छ। उनीहरूका एकल पोस्टरहरू गत महिना श्रृंखलाबद्ध रुपमा सार्वजनिक गरिएको थियो। आइतबार थप तीनटा पोस्टर सार्वजनिक गरिएको छ, जसमा आना र दिव्याप्रति प्रदीपको प्रेमभाव दर्शाउन खोजिएको छ। सार्वजनिक तीन पोस्टरमध्ये एउटामा आना र दिव्याले प्रदीपको कान निमोठेका छन् ।

आज़को विचार...

तानसेनको...
(दुई पेजमा)

पुष्कर अधिकारी रेम्मी

फिल्म 'तेल मिसा' को डबिङको काम सुरु भएको छ। आइतबार काठमाडौंको अनामनगरस्थित सम्राट फिल्मसमा डबिङ सुरु गरिएको हो। फिल्मको पहिलो डबिङ अभिनेता विपिन कार्कीले गरे। विपिनको डबिङ अझै केही दिन चल्नेछ। विपिनसँगसँगै अभिनेत्री पुजा चन्दको पनि डबिङ भैरहेको निर्देशक शंकर घिमिरेले बताए । अभिनेता कार्कीले फिल्ममा आफ्नो दोहोरो भूमिका रहेको डबिङ आफ्ना लागि बिशेष समय राख्ने बताए । 'मैले फिल्ममा बुबा र छोराको भूमिका निभाएको छु ।

❒ वर्ष ३० ❒ अंक ७० ❒ २०८१ असोज ८ गते मंगलबार 24 September 2024, Tuesday ❒ पृष्ठ संख्या 8 मूल्य रू ५/-

संक्षिप्त समाचार

वर्षाका कारण छ को मृत्यु

(रासस/एएफपी) ——————

टोकियो, असोज ७/जापानको इशिकावा प्रान्तमा भारी बर्षाका कारण छ जनाको मृत्यु हुनुका साथै दश जना बेपत्ता रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । उनीहरूको उद्धार कार्य जारी रहेको जापानी सञ्चारमाध्यमले जनाएका छन् । मृतक मध्येका दुई जना कामदार आइतबार एउटा सुरङनजिकै मृत फेला परेका थिए । स्थानीय प्रहरीलाई उद्धृत गर्दै राष्ट्रिय सञ्चारमाध्यम एनएचकेले शनिबार भग्नावशेषमुनि गाडिएका अन्य दुई जना महिलाको शव फेला परेको जनाएको छ । नदी क्षेत्र नजिकै उद्धार गरिएको एक व्यक्तिको मृत्यु भएको पुष्टि भएको छ भने एउटा घर पहिरोमा डुब्दा थप एक जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । अधिकारीहरूले अझै पनि केही व्यक्तिहरूको सुरक्षा पुष्टि नभएकाले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेको एनएचकेले जनाएको छ । भारी वर्षाले शनिबारदेखि इशिकावामा सामान्य जनजीवन प्रभावित भएको छ भने यो क्षेत्र केही समयअघि मात्र ठूलो भूकम्पबाट प्रभावित भएको थियो । जापानीको मौसम विभागले आइतबारदेखि इशिकावा प्रान्तका केही भागहरूका लागि भारी वर्षाको आपतकालीन चेतावनीलाई कम गर्दैसम्भावित बाढी र पहिरो विरुद्ध निरन्तर सतर्कता अपनाउन आह्वान गरेको छ ।

सुनको भाउ बढेको बढ्यै, किन्ने भन्दा बेच्ने ग्राहक बढे

रामचन्द्र रायमाझी——————

पाल्पा, असोज ७/सुरक्षित लगानीका रूपमा चिनिएको सुनमा लगानी बढेपछि सुनको भाउले एकपछि अर्को कीर्तिमानी बनाइरहेको छ । यो साता निरन्तर उकालो लागेको सुनको भाउ सोमबार नेपाली बजारमा प्रतितोला एक लाख ५९ हजार दुई सयमा किनबेच भइरहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य अझै बढेर जाने अनुमान गरिएको छ । तर कतिसम्म बढ्छ भन्ने जवाफ कसैसँग छैन् । दुर्लभ पहेलो धातुको मूल्य विश्व बजारमा यसको मागमा निर्भर हुने गर्छ । किनभने यसको आपूर्ति सीमित छ । निरन्तर मूल्य बढ्दै गएपछि उपभोक्तामा नयाँ गहना किन्ने सामर्थ्य हराउँदै छ । बरु भएका पुराना गहना बेच्ने ग्राहकको भिड लाग्न थालेको देखिएको छ । सुनको मूल्य हत्वै बढेकाले किन्ने ग्राहक भन्दा पनि बेच्ने ग्राहक बढी आउने गरेको सुनचाँदी व्यवसायी कमल विकले बताए । उनले भने 'सुनको मूल्य बढेसँगै हाम्रोमा बेच्न आउने ग्राहक बढेका छन् । अरु महिनाको तुलनामा विगतमा चाडपर्वका बेला नयाँ गहना

किन्ने ग्राहक बढी हुन्थे तर अहिले मूल्य बढेपछि त नगन्य हिसावमा ग्राहक छन् ।' अहिले नयाँ गहना बनाउने भन्दा पनि सुन बेच्न आउँने ग्राहक दैनिक आउने गरेको विकको भनाई छ । कतिपय ग्राहकहरु अझै बढ्छ अनि बेच्ने भनेर कुरिरहेको समेत उनले बताए । मूल्य बढेसँगै कारोबारमा प्रभाव पारेको अर्का व्यसायी अर्जुन सुनारले बताए । उनले मूल्य उच्च हुनु भन्दा अघिको तुलनामा धेरै ग्राहक विक्री गर्न आउने गरेको जानकारी दिए । दुई वर्ष अघिसम्म कारोबार राम्रै थियो,किन्न आउने ग्राहक पनि दिनमै ४/५ जना आउने गर्दथ्ये तर मूल्य उकालो लागेसँगै कारोबारमा पनि कमी आउनुको साथै बेच्ने ग्राहक बढेको सुनारको भनाई छ । ६ वर्ष पहिले २०७५ चैतमा सुनको मूल्य अधिकतम ६० हजार ६ सय रुपैयाँ थियो । त्यसयताका हरेक वर्ष सुनको मूल्य तीव्र गतिमा बढिरहेको छ । केही वर्षअघिसम्म अन्तर्राष्ट्रिय बजारमा डलरको मूल्य बढ्दा सुनको मूल्य घट्ने र डलरको मूल्य घट्दा सुनको मूल्य बढ्ने गरेको देखिन्थ्यो । तर अहिले भने दुवैको मूल्य निरन्तर बढिरहेको छ । अन्तर्राष्ट्रिय बजारमै सुनको मूल्य बढ्दै गएपछि त्यसको प्रभाव नेपाली बजारमा पनि परेको हो । दिनप्रतिदिन सुनको भाउ बढ्दै गएपछि पाल्पामा पनि यसको प्रभाव देखिएको छ ।

पूर्वडीआईजी जोशीलाई हिरासतमा राख्न अनुमति

पोखरा, असोज ७/सहकारी ठगी प्रकरणमा पक्राउ परेका नेपाल प्रहरीका पूर्वनायव महानिरीक्षक (डीआईजी) छविलाल जोशीलाई ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत कास्कीले अनुमति दिएको छ ।

म्याद थपअघि सरकारी वकिल र जोशीका तर्फबाट बहस भएको थियो । बहसपछि अदालतले जोशीलाई हिरासतमा राखेर अनुसन्धान गर्न समय दिएको हो । सूर्यदर्शन सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा लगेर अपचलन गरेको आरोपमा आइतबार काठमाडौंबाट पक्राउ परेका जोशीलाई सोही साँझ जहाजबाट कास्की लगिएको थियो । प्रहरीले जरुरी पुर्जी थमाएर पक्राउ गरेकामा सोमबार कार्यालय समयमा जोशीलाई म्याद थपका लागि अदालतमा उपस्थित गराइएको थियो ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले बुझाएको प्रतिवेदनमा जोशीलाई कानुन अनुसार कारबाहीका लागि सिफारिस गरेको थियो ।

तानसेनमा पिताहरूको स्मरणमा 'बा कप' व्याडमिन्टन प्रतियोगिता

उपाधि रैनादेवी छहरालाई

पाल्पा, असोज ७/जिल्लाको सदरमुकाम तानसेनमा स्वर्गीय पिताहरुको स्मरणमा 'बा कप' व्याडमिन्टन प्रतियोगिता २०८१ आयोजना गरिएको छ । सोह्र श्राद्ध चलिरहेका बेला नारायण युवा क्लव तानसेनले पिताहरुको सम्झनामा व्याडमिन्टन प्रतियोगिता आयोजना गरेको हो ।

तानसेन -२ स्थित फूलबारी कवर्डहलमा क्लवको आयोजना,अमर नारायण कभर्डहल व्यवस्थापन समितिको व्यवस्थापन र वडा कार्यालयको समन्वयमा शुक्रबार र शनिबार प्रतियोगिता भएको थियो । प्रतियोगिताको क्लवका संस्थापक अध्यक्ष तथा नेपाली कंग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले उद्घाटन गरेका थिए । प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि श्रेष्ठले स्व.पिताहरुलाई खेलको माध्यमबाट क्लवले स्मरण गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा समेत यस्ता रचनात्मक कार्यलाई निरन्तरता दिन आग्रह गरे । प्रतियोगिताले अब्बल खेलाडी उत्पादनसँगै

जिल्लाको खेलकूद विकासमा महत्वपूर्ण टेवा पुग्नेमा उनले जोड दिए । सभापति श्रेष्ठले समाजमा अहिले केही भएन, केही भएन भन्ने भाष्य निर्माण भइरहेकाले त्यसलाई चिर्न सबैले सकारात्मक सोंच राखेर अगाडि बढ्न आवश्यक रहेको औल्याए । उनले भने 'यहाँ खेल, पर्यटन र कृषिको प्रचुर सम्भावना छ, यी कुराहरुको सही उपयोग गर्न सकियो भने स्वदेशमै प्रसस्त आम्दानी गर्न सकिन्छ ।' सभापति श्रेष्ठले अब यो देश बनाउने जिम्मेवारी सबै राजनीति पार्टी,युवा शक्ति र आमनागरिकको रहेकाले सकारात्मक सोंचका साथ सबै एकताबद्व भएर लाग्नुपर्ने बेला आएको धारणा व्यक्त गरे । विशिष्ट अतिथि क्लवका पूर्व अध्यक्ष तथा वडा अध्यक्ष महेश्वर श्रेष्ठले यस्ता प्रतियोगिता सञ्चालनका लागि आगामी दिनमा पनि क्लवसँग समन्वय र सहकार्य गरि अगाडि बढ्ने बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

चाडपर्व लक्षित सुरक्षा सतर्कता आवश्यक

हिन्दुहरुका प्रमुख चाडपर्वहरू नजिकिदै आएका छन् । अबको केही दिनमा दशैँ मनाउन घर बाहिर रहेका नेपालीहरु गाउँ फर्कदै छन् । तर विडम्वना के छ भने यही बेला असुरक्षा बढी हुन्छ । सवारी दुर्घटना हुन वा लुटपाट र चोरी डकैतीका घटना यही बेला बढी हुने गर्दछन् । असुरक्षित सडक वा यातायातका साधनहरुका कारण धेरैले सास्ती खेप्ने मात्र होइन, ज्यानै गुमाउनु परेका घटना हामी सामु छन् । बर्खाभरि बाढी र पहिरोले बिगारेका सडक अहिलेसम्म मर्मत हुन सकेका छैनन् । एकातिर खण्डहर बनेका यस्ता सडकहरूबाट गाडी दौडाउनुपर्ने हुन्छ भने अर्कातिर दशैँका बेलामा गाडी पनि धेरै चाहिने भएका कारण बिग्रेका पुराना थोत्रा गाडीहरू दौडाउने गर्नाले यस समयमा अत्यधिक संख्यामा दुर्घटनाहरू हुने गर्दछन् । दशैँको बेलामा धेरै दुर्घटना हुने गरेको विगत हामीले भुल्नुहुँदैन । त्यसैले सरकारले यथाशीघ्र यस्ता सडकहरूको मर्मत गर्नतर्फ ध्यान दिनुपर्छ ।

अर्कोतर्फ चाडपर्वको समयमा सबै क्षेत्रमा मानिसको चाप बढ्ने गर्छ । यही भीडभाडको मौका छोपेर आपराधिक घटनाहरु पनि बढ्ने गर्दछन् । भिडभाडको मौका छोपेर लुटपाट हुने गर्दछ । लुटेराले धनमाल लुट्नेमात्र होइन, ज्यानैसमेत लिने गरेका विगतका दृष्टान्त छन् । हरेक वर्ष चाडबाडको समयमा लुटपाटका घटनाका साथै उपभोक्ता किनमेलमा समेत ठगिने गर्दछन् । चाडबाडको मौका छोपेर कालो बजारी गर्ने व्यापारीहरु अझै सक्रिय छन् । तर सरकारी निकायबाट प्रभावकारी अनुगमन हुन सकेको छैन । सरकारले सुपथ मूल्यका पसलहरु सञ्चालन गरेको भने पनि सबै क्षेत्रका मानिसको पहुँच पुग्न सकिरहेको छैन ।

चाडपर्वलाई लक्षित गरी शान्ति सुरक्षा, आपूर्ति व्यवस्थापन, यातायात क्षेत्रलाई सरल र सुरक्षित बनाउने दायित्व सरकारको हो । यसका लागि राज्यका सम्पूर्ण निकायहरुले आमनागरिकको हित प्रवर्द्धनतर्फ लाग्नुपर्छ । सरकारी निकायले समयमै सक्रियता नदेखाउने हो भने यात्रा गर्दा यात्रु ठगिनुपर्ने, सीमा क्षेत्र, जङ्गल तथा बढी व्यस्त हुने स्थानमा मानिस दिउँसै लुटिनुपर्ने, सवारी दुर्घटना बढ्ने, किनमेलका क्रममा ठगिनुपर्नेजस्ता अनेकन समस्या उत्पन्न हुने छन् । यसका लागि नागरिक स्वंयम पनि सर्तक हुनुपर्दछ । त्यसो भएन भने दशैँलगायत चाडहरू निश्चिय सुखद् र रमाइला बन्न सक्दैनन् । तसर्थ चाडपर्वलाई सुरक्षित र भयरहित बनाउन सरकारी निकायले चाडपर्व लक्षित सुरक्षा सर्तकता बढाउन जरुरी छ ।

Opinion @ Social Network

मान्छे मात्र अगाडि बढेर के गर्नु र
मानवता पछाडी छुटे पछि ।

(भाषा वि.क.को फेसबुक स्टाटस https://www.facebook.com/Maya.B.K)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईंहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

तानसेनको 'प्रभास'

पुष्कर अथक रेग्मी

विशेष गरी बालाचतुर्दशीका दिन शतवीज छरिन्छ । शिवरात्रीका दिन विशेष पूजासहित मेला लागि रात्रीमा धुनी जगाइ जाग्राम बसिन्छ ।

प्रभास शब्दको अर्थ खोज्दा नेपाली वृहत् शब्दकोष अनुसार "चारैतिर छरिएको उज्यालो,प्रकाश,ज्योति, दिप्ती : हिन्दूहरूको एक प्राचीन तीर्थ, सोमतीर्थ : रामवानरनामक आदिम मानवको आजभन्दा एक करोड दस लाख बर्ष पूर्वको दाँतको अवयव फेला परेको बुटवलबाट पाल्पा जाने बाटोमा पर्ने एक ठाउँ प्रभास "भनेर परिभाषित गरिएको छ । पाल्पाको तानसेनबाट करीब ८ किलोमिटर दक्षिण प्रभास क्षेत्रमा सेनकालीन शिवालय, वंशगोपालको मन्दिर, कमल पोखरी तलाउ सूर्यकुण्ड रहेको छ । हालसम्म पाइएका शिलालेख, स्याहामोहर, विर्तापत्र एवं अभिलेख अनुसार शिवालय र वंशगोपाल मन्दिरको स्थापना सेन राजा रूद्रसेनको पालामा भएको पाइन्छ । सेनकालीन पाल्पाको इतिहास खोतल्दा सेन वंशका मूल पुरूष चितौर मेवाडका राजा मदन राय हुन् । यिनकै आठौं पुस्ताका सन्तति धर्मपाल सेनले वि.सं.१४७७ मा रिब्दीकोट रियासतको स्थापना गरे । धर्मपालपछि अनेक सिंह, खाम सेन र चन्द्र सेन क्रमशः राजा भए । चन्द्र सेनका रूद्र सेन,खड्ग सेन,श्रीवत्स सेन र भानु सेन गरी चार पुत्र भए । उनीपछि जेष्ठ पुत्र रूद्र सेन राजा भए । यिनै प्रतापी राजा रूद्र सेनले वि.सं.१५५० मा रिब्दिकोटबाट राजधानी पुरानाकोट अर्थात् पाल्पामा कायम गरी शासन गरेपछि यिनी पाल्पा राज्यका संस्थापक भइ वि.सं. १५५० देखि १५७५ सम्म पाल्पामा राज्य गरे । यिनकी दुईटी रानी थिईन् । जेठी रानी मध्यदेशीय राजकुमारी आशनमालाको कोखबाट मुकुन्द सेन जन्मिए । कान्छी रानी प्यूठानी राजकुमारीको कोखबाट उग्रसेन र पूर्णसेन नामक दुई पुत्र र एक पुत्री दिपावती जन्मिईन् । चन्द्रसेनपछि यिनका जेष्ठ पुत्र मुकुन्द सेन(प्रथम) पाल्पाका राजा भए । यिनी विशाल पाल्पा राज्यका निर्माता भए । चक्रवर्ती महाराज मणिमुकुन्द सेन प्रथमको रुपमा यिनी इतिहास प्रशिद्ध छन् । यिनले पाल्पालाई केन्द्र मानी पाल्पा राज्यको सिमाना पूर्वमा ब्रह्मापुत्र र गङ्गा, पश्चिममा कुमाउ र गढवाल, उत्तरमा धवलागीरि हिमाल र दक्षिणमा हरिहर क्षेत्रसम्म पुऱ्याएर राज्यभोग गरे । नेपाल उपत्यकाका राजाहरुले समेत पाल्पालाई कर तिरे । यसरी नेपाल उपत्यकालाई समेत पाल्पाले अधिनमा राख्यो । मुकुन्द सेनको पाल्पा राज्यभित्र बराहक्षेत्र, रुरूक्षेत्र, मुक्तिक्षेत्र र हरिहर क्षेत्र गरी चारवटै अलौकिक धार्मिक क्षेत्रहरु पर्न आए । यसपछि उनलाई चक्रवर्ती महाराज मुकुन्द सेनको नामले पुकारिन लागे । राजा मुकुन्द सेन धार्मिक स्वभावका थिए । उनले पाल्पा राज्यको विस्तारको क्रममै पाल्पामा काल भैरव, रूरूक्षेत्रमा फुफिकेश मन्दिर लगायत विभिन्न ठाँउमा मन्दिर र मूर्तिहरू स्थापना गरेका थिए । यही क्रममा भारतको गुजराज प्रान्तकसो काठियावाद पुगेका मुकुन्द सेनले प्रभासको जलद्वारा नुहाइ, सोमनाथ महादेवको दर्शन गरेपश्चात प्रभासको जल ल्याइ पाल्पाको होलाड्दी खोला र कमलपोखरीको दोभानमा बाबु रूद्रसेनले बनाएको शिवालय नजिकै एक पोखरी,सूर्य कुण्ड खनाइ सोमतीर्थ प्रभासबाट ल्याएको जल मिलाई यस क्षेत्रलाई प्रभास नामाकरण गरिदिएका थिए । पौराणिक कथन अनुसार दक्षप्रजापतिले असिन्की नाम भएकी स्त्रीमा ब्रम्हाजीको आज्ञाले साठी कन्या उत्पन्न गरे । जसमध्ये सत्ताइस कन्या चन्द्रमालाई विवाह गरिदिए । यी सत्ताइस कन्यालाई सत्ताइस नक्षत्र पनि भनिन्छ । जसमध्ये पत्नी रोहिणीसँग मात्रै भुल्ने र बढी माया गर्ने भएकाले अरू स्त्रीहरू चन्द्रमासँग रुष्ट भइ पिताजी दक्षसँग रून गए । क्रुद्ध दक्षले चन्द्रमालाई क्षयरोगले ग्रस्त भइ जाने श्राप दिएपश्चात चन्द्रमा क्षीण हुँदै जाँदा पृथ्वीको दैनन्दिनीमा प्रतिकुल प्रभाव पर्न गयो । चन्द्रमालाई सोम पनि भनिन्छ । श्राप मुक्तिका लागि चन्द्रमा अर्थात् सोमले भगवान शिवजीको आराधना गरी तपस्या गरेपछि अन्ततः शिवजी प्रशन्न भइ चन्द्रमाको श्राप मोक्ष गरिदिएपछि चन्द्रमाको शितलतासँगै पृथ्वीको गति पनि चलायमान हुन गयो । शिवजीबाट बरदान प्राप्त चन्द्रदेव सोमले प्रभास पाटण क्षेत्रमा शिवजीको दिव्य ज्योतिर्लिङ्ग स्थापना गरी "सोमनाथ "नामाकरण प्रभासबाट जल ल्याइ नित्य अर्पण गरी महादेवलाई प्रतिष्ठापित गर्नुका साथै प्रभास क्षेत्र परिसरमा अन्य देवदेवीका मूर्तिहरू समेत स्थापित गरे । प्रभासको जल नित्य रूपमा सोमनाथमा अर्पण हुने भयो । प्रभासको जलमा स्नान गरी सोमनाथको दर्शन गर्नाले यस लोकमा पुण्य प्राप्ति हुन गइ परलोकमा सुख शान्तिका साथ वास हुने अलौकिक विश्वास रहेको छ । भगवान महादेव अवस्थित यस पवित्र दिव्य सोमतीर्थ धाममा द्वापर युगमा मानवातार भगवान श्रीकृष्णले देहत्याग गरी बैकुण्ठ गमन भएपश्चात भक्तजनहरूले श्रीकृष्णको सुन्दर मन्दिर निर्माण गरे । यसरी भगवान शिव र विष्णुको पवित्र वासस्थान समेत रहेकाले सोमतीर्थ प्रभास क्षेत्र समस्त भक्तजनहरूका लागि दिव्य देवतीर्थ धामको रूपमा पूज्य रहँदै आयो । भारतको गुजरात प्रान्तको काठियावाद क्षेत्रको सामुन्द्रिक किनारमा रहेको एक प्राचीन तीर्थस्थल, प्रभास तीर्थस्थललाई सोमतीर्थ भनिन्छ । सोमतीर्थ अर्थात् भगवान सोमनाथको मन्दिर -अति प्राचीन ऐतिहासिक शिव मन्दिर हो । यसलाई दिव्य बाह्र ज्योतिर्लिङ्ग मध्ये प्रथम ज्योतिर्लिङ्ग मानिन्छ । सोमनाथ मन्दिर प्रभास पाटणमा रहेको छ । तात्कालिन समयमा मानिहरू धार्मिक तीर्थयात्राका लागि भारतको सोमनाथ, जगन्नाथ, बद्रीनाथ, काशी, गया, द्वारका लगायतका क्षेत्रमा जाने परम्परा थियो । यातायातको साधन नहुदाँ आवागमनको असुविधाका कारण सबैजना जान नसक्ने र जानेहरू पनि पटक-पटक जान नसक्ने अवस्थालाई विचार गरेर नै राजा मुकुन्द सेन(प्रथम) ले पाल्पा राज्यका भक्तजनहरूका लागि सोमनाथ प्रभास क्षेत्रको पवित्र जल पाल्पामा ल्याएर बाबू रूद्र सेनद्वारा स्थापित शिवालय नजिकै प्रभास क्षेत्र स्थापना गरे । बाबुद्वारा स्थापित शिवालयलाई सोमनाथको जस्तै सानो आकर्षक शिखर शैलीमा निर्माण गरेपश्चात प्रभासको जलले स्नान गरी शिवजीको दर्शन गर्नाले इच्छा सिद्धिसँगै पुण्य प्राप्ती हुने अलौकिक सन्देश प्रवाह गर्दै स्थानीयवासीहरूले शिवालयलाई मुकुन्देश्वर महादेव भनी पूजा आराधना गर्दैं रहे । त्यतिबेलादेखि नै यो प्रभास क्षेत्र पावन क्षेत्रको रूपमा अद्यावधि रहँदै आएको छ । प्रभासको शिवालयमा उत्कीर्ण एक शिलालेखमा राजा रूद्रसेनको नाम अंकित भएकाले पनि यो क्षेत्रमा शिवालय स्थापना रूद्रसेनले गरेको र यस क्षेत्रलाई प्रभास नामाकरण गरी पावन भूमिको रूपमा महिमा बढाउने कर्म राजा मुकुन्द सेनले गरेका थिए भन्ने तथ्य शिवालयको नाममा रहेको गुठी जग्गालाई मुकुन्देश्वर गुठी भनी लेखिएबाट पनि शिद्ध हुन्छ । सेनकालीन समयमा राजा रूद्र सेन (वि.सं.१५४७-१५७५) देखि अन्तिम राजा पृथ्वीपाल सेन (वि.सं.१८५०-१८६१) सम्मको अभिलेख, स्याहामोहर, विर्तापत्र र चिठीपत्ररूमा समेत प्रभास क्षेत्रको नाम उल्लेख छ । यसबाट यो तथ्य प्राप्ति हुन आउँछ कि राजा रूद्र सेन जसलाई ताम्रसेन पनि भनिन्छ । उनले तानसेन शहरसँगै कमलपोखरी क्षेत्रमा बस्ती बसाले । जसलाई राजा मुकुन्द सेन (प्रथम)को पाला (वि.सं.१५७५-१६१०) देखि प्रभास भनियो । सेनवंशी राजाहरूले प्रभास क्षेत्रमा मुकाम खडा गरी दरबार नै निर्माण गरी हिउँदे अस्थायी राजधानी बनाएका थिए भन्ने कुरा मुकुन्देश्वर महादेवको बाहिरी पर्खाल निर्माणको क्रममा जग खन्दा पाइएको थुम्का,इँटा ,भाँडा,हतियार,पैसा, सिलौटो तथा झिंगटीहरूबाट पुष्टि हुन जान्छ । तत्कालिन समयमा होलाड्दीदेखि माडिफाँट पूर्वसम्मको जग्गा पजनी गर्ने, विर्ता दिने, जागिर बन्धकी दिने कार्य पनि यही प्रभास मुकामबाट भएको देखिन्छ । सेनवंशीय शासनकालमा बनेको मुकुन्देश्वर शिवालय कालान्तरमा जिर्ण भइ भत्किएको थियो । रूरू क्षेत्रमा भारतको प्रभासबाट आएका बुलहवाकर बाबा भनेर चिनिने एक महात्माले प्रभास क्षेत्रको महिमा बढाउन मुकुन्देश्वर शिवालय, वंशगोपाल मन्दिर र सूर्यकुण्डको जिर्णोद्धार गर्न गर्न लगाए । वीर शम्शेर पाल्पाको तैनाथवाला भइ आउँदा प्रभास परिसरमा आँपका बृक्षहरू लगाइ बगैंचा निर्माण गरेका थिए । राजा मुकन्द सेन (प्रथम) जीवनको उत्तराद्धमा देवघाट गई मुनि भेष धारण गरी तपस्यामा लीन भएपछि उनलाई मणि मुकुन्द सेन भनियो । वि. सं. १६२२ मा मणि मुकुन्द सेन परमात्मामा विलिन भएपछि उनले चक्रशिला स्वरूप धारण गरी शरीरको भाग देवघाट धाममै र शिरको भाग उडेर पाल्पा आइ मुकुन्देश्वर मन्दिरमा रहन गयो भन्ने लोकविश्वास अद्यावधि रहँदै आएको छ । मुकुन्देश्वर शिवालय मन्दिरमा शिवलिङ्ग, नारायण मूर्ति, चक्रशिला, गणेश र देवीका मूर्तिहरू समेत रहेकाले मुकुन्देश्वर मन्दिर शिव पञ्चायनको रूपमा प्रशिद्धि रहेको छ । प्रभासको दक्षिणी डाँडामाथि वंशगोपाल मन्दिर रहेको छ । मन्दिरभित्र सेन पाल शैलीमा निर्मित वाँसुरी (वंश) धारण गरिएको श्रीकृष्ण र श्रीहरिहरको मूर्ति रहेको छ । कृष्ण र हरिहर दुवै जगतका पालनकर्ता श्रीनारायणको रूप हुनाले प्रभास क्षेत्रमा स्थापित यसो वंशगोपाल मन्दिरले समेत प्रशिद्धि कमाएको छ । मुकुन्देश्वर शिवालय र वंशगोगाल मन्दिरमा नित्य पूजा गरिन्छ । विशेष गरी बालाचतुर्दशीका दिन शतवीज छरिन्छ । शिवरात्रीका दिन विशेष पूजासहित मेला लागि रात्रीमा धुनी जगाइ जाग्राम बसिन्छ । प्रभासको शिवरात्री मेला भर्न नेपालका विभिन्न क्षेत्र लगायत मित्रराष्ट्र भारतबाट समेत श्रद्धालु भक्तजन एवं दर्शनार्थीहरू पाल्पा तानसेनको प्रभासमा आउँछन् । सेनकालीन समयदेखिनै प्रभास क्षेत्र भगवान शिव र नारायणको पावन भूमिको रूपमा रहदै आएको छ । पाल्पा भाषा, कला, संस्कृति ,साहित्य ,सम्पदा र परम्पराको धनी धरोहरको रूपमा रहेको जिल्ला हो । नेपालीहरूले पाल्पामा गर्व गर्न लायकमा इतिहास संस्कृति तथा सम्पदा प्रशस्तै मात्रामा छन् । सेनकालीन परम्परा र सभ्यता बोकेको पाल्पाको प्रभास क्षेत्र ऐतिहासिक, धार्मिक,सामाजिक एवं सांस्कृतिक दृष्टिकोणले अति नै महत्वपूर्ण स्थानको रूपमा रहेको छ । यसको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन राज्य र जन सबैपक्षबाट हुन आवश्यक रहेको छ ।

साभार : प्रभास क्षेत्र तानसेन नगर पालिका वडा न.७
(लेखक पाल्पा साहित्य समाजका कोषाध्यक्ष र पाल्पाका स्थापित साहित्यकार समेत हुन्)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००१९
पाल्पा ०७५-५२०४३६, ५२०१९९
इग्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
गुल्मी जिल्ला अस्पताल ०७७-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धाथंबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिताल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४९, ५४५६४१

रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेप्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा:०७१-५२०२६३
रुक्ताई भैरहवा ०७१-५२६६७३,९८४७२२४६४
परासी ०७८-५२०१५५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५

रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवह ०७१-५७७०९९
लुम्बिनी मेट्रिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५
रामपुर टेड्नस्टी.:९८५७७६२४७,९८५७७६५०४

दैनिक राशिफल

मेष : सुखद् यात्राको योग छ । अटिको र ताकेको कार्य पुरा हुनेछ ।

वृष : नयाँ कार्य प्राप्तिको योग छ । काम गर्ने उत्साह र हौसला पनि मिल्नेछ ।

मिथुन : झन्झटिलो काममा संलग्न हुनुपर्ने समय छ । स्वास्थ्यमा धन खर्च हुनेछ ।

कर्कट : कामबाट दोहोरो लाभ मिल्न सक्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ।

सिंह : दाम्पत्य सम्बन्ध बलियो हुनेछ । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

कन्या : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ। चिताएको कामले तीव्रता लिनेछ ।

तुला : यात्रा गर्दा पनि सचेत हुनुपर्छ, तर कुनै कुराले मन खुसी हुन्छ ।

वृश्चिक : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ ।

धनु : समाजसेवा कार्यमा मन लाग्नेछ । रोजगारको अवसर पनि मिल्नेछ ।

मकर : काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला।

कुम्भ : आम्दानीयुक्त काम सुचारु गर्न सकिनेछ । सफल यात्राको योग छ ।

मीन : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । धर्म र कर्ममा मन लाग्नेछ ।

विज्ञान/सूचना प्रविधि

सफल भयो मस्कको स्पेस मिसन

अमेरिकी खर्बपति व्यापारी एलन मस्कको अन्तरिक्ष अन्वेषण कम्पनी स्पेस एक्सको स्पेस मिसन सफल भएको छ । स्पेस एक्सको पोलारिस डन क्रु आज अर्थात् सेप्टेम्बर १६ मा पृथ्वीमा फर्किएको छ । व्यवसायिक स्पेस वाक लगायतको मिसन पूरा गरेर ड्र्यागन अन्तरिक्ष यान फ्लोरिडाको ड्राई टोर्टुगास कोस्टमा दिउँसो १:०६ बजे अवतरित भएको थियो । पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ने समयमा अन्तरिक्ष यान २७ हजार किलोमिटर प्रतिघण्टाको गतिमा थियो । हावासँगको घर्षणले गर्दा यानको बाहिरी हिस्सा १ हजार ९०० डिग्री सेल्सियससम्म तातो थियो । मस्कको कम्पनी स्पेश एक्सले सेप्टेम्बर १० मा फाल्कन-९ रकेटबाट यसको प्रक्षेपण गरेको थियो । यो ५ दिनको मिसनमा ४ जना अन्तरिक्ष यात्री पृथ्वी कक्षको १ हजार ४०८ दशमलव १ किमीमा गएका थिए । यो ५० वर्षभन्दा बढी समयसम्म कुनै पनि अन्तरिक्ष यात्री गएको कक्षको सबैभन्दा अग्लो उचाइ हो । कुनै पनि अन्तरिक्ष अभियानको सबैभन्दा कठिन खण्ड पृथ्वीमा फर्किनु हो । सुरक्षित रूपमा फर्किन ड्र्यागन क्याप्सुलले डी-अर्बिट बर्न सुरु गऱ्यो । यसमा अन्तरिक्ष यान लगभग २७ हजार किलोमिटर प्रति घण्टाको गतिमा पृथ्वीको वायुमण्डलमा प्रवेश गरेको थियो । चार मिटर चौडा यस यानमा बाहिरी हिस्साको तातोले अन्तरिक्ष यात्रीहरूलाई सुरक्षित राख्न हिट शिल्ड जडान गरिएको थियो । यान ओर्लिएसँगै यसको गति सुस्त भयो । यसको गति अझै सुस्त बनाउन जमिनको नजिकै आइपुग्दै गर्दा प्यारासुट खोलेर यानलाई पानीमा अवतरण गरियो । एउटा विशेष डुङ्गामा उद्धार टोली पहिले नै त्यहाँ उपस्थित थिए । क्याप्सुलबाट अन्तरिक्ष यात्रीहरूलाई हटाउनुअघि, उद्धार टोलीले अन्तिम सुरक्षा जाँच गऱ्यो, त्यसपछि तिनीहरूले यानलाई पानीबाट जमिनमा ल्याए ।

-रातोपाटी डटकम

एप्पल वाचले निद्रामा श्वासप्रश्वास रोकिने समस्या पत्ता लगाउने

अमेरिकाको खाद्य तथा औषधि प्रशासन (एफडीए)ले एप्पलको वाच सिरिज ९, सिरिज १० र वाच अल्ट्रामा निन्द्रामा श्वासप्रश्वास रोकिने समस्या (स्लीप एपनिया) पत्ता लगाउने फिचरका लागि अनुमति दिएको छ । यसै सेप्टेम्बर २० मा एप्पलको वाच सिरिज १० सार्वजनिक हुँदै छ । त्यसअघि एफडीएले कम्पनीलाई अनुमति दिएको हो । यो फिचरलाई एप्पलले सेप्टेम्बर ९ मा एप्पल इभेन्टमा घोषणा गरेको थियो । एप्पलको वाचओएस ११ मा यो फिचर आउने भएको हो ।

कम्पनीले ३० दिनको अवधिका १० रातको निन्द्राको तथ्यांकका आधारमा प्रयोगकर्तामा स्लीप एपनिया रहेको नरहेको निक्योंल गर्नेछ । यसले निन्द्रामा हुने गरेको अवरोधको तथ्यांक पनि राख्नेछ । एफडीएले यो फिचरलाई स्लीप एपनियाको जोखिमलाई मूल्यांकन गर्ने ओभर-दि-काउन्टर उपकरण भनेको छ । एप्पलले यो निदान उपकरणभन्दा पनि प्रयोगकर्तालाई औपचारिक निदानका लागि स्वास्थ्यसंस्थामा जान प्रोत्साहन गर्ने बताएको छ । विभिन्न कारणले श्वास फेर्ने क्रम कम हुने वा रातको समयमा बारम्बार श्वासप्रश्वास रोकिने समस्या स्लीप एपनियामा पर्छ । फ्रान्सेली कन्ज्युमर इलेक्ट्रोनिक्स कम्पनी विथिंग्सले यसअघि नै यस्तो फिचर उपलब्ध गराउँदै आएको छ । यसअघि सामसङको वाच सिरिजले पनि एफडीएबाट यसका लागि अनुमति पाइसकेको थियो ।

-बाह्रबरी डटकम

> ***कम्पनीले ३० दिनको अवधिका १० रातको निन्द्राको तथ्यांकका आधारमा प्रयोगकर्तामा स्लीप एपनिया रहेको नरहेको निक्योंल गर्नेछ । यसले निन्द्रामा हुने गरेको अवरोधको तथ्यांक पनि राख्नेछ । एफडीएले यो फिचरलाई स्लीप एपनियाको जोखिमलाई मूल्यांकन गर्ने ओभर-दि-काउन्टर उपकरण भनेको छ । एप्पलले यो निदान उपकरणभन्दा पनि प्रयोगकर्तालाई औपचारिक निदानका लागि स्वास्थ्यसंस्थामा जान प्रोत्साहन गर्ने बताएको छ । विभिन्न कारणले श्वास फेर्ने क्रम कम हुने वा रातको समयमा बारम्बार श्वासप्रश्वास रोकिने समस्या स्लीप एपनियामा पर्छ । फ्रान्सेली कन्ज्युमर इलेक्ट्रोनिक्स कम्पनी विथिंग्सले यसअघि नै यस्तो फिचर उपलब्ध गराउँदै आएको छ । यसअघि सामसङको वाच सिरिजले पनि एफडीएबाट यसका लागि अनुमति पाइसकेको थियो ।***

कसरी बनेको थियो पहिलो आइफोन ?

अमेरिकी कम्पनी एप्पलले सोमबार राति आफ्नो आइफोनको १६औं संस्करण सार्वजनिक गरेको छ । आइफोनको अत्याधुनिक नयाँ सिरिजमा एआई फिचरलगायतका विभिन्न नयाँ सुविधाहरु रहेका छन् । आइफोन १६ सिरिजमा आइफोन १६, आइफोन १६ प्लस, आइफोन १६ प्रो र आइफोन १६ प्रो म्याक्स गरी चारवटा मोडेल रहेका छन् । यहाँसम्म आइपुग्दा एप्पलले धेरै प्रकारका मोबाइल, ल्यापटप, स्मार्ट वाच र अन्य ग्याजेटहरू लञ्च गरिसकेको छ, जसले धेरै लोकप्रियता तथा चर्चा कमाउन सफल भएका छन् । विश्वभरकै बजारहरूमा आइफोनको माग उच्च छ । विश्व बजारमा इन्टरनेटको बढ्दो माग र खपतसँगै स्मार्टफोनको क्रेज बढिरहेको हो । यस आलेखमा आइफोनको उत्पत्ति तथा यसको सफलतासँग सम्बन्धित विभिन्न तथ्यहरुको बारेमा बताइएको छ ।

कसरी बन्यो पहिलो आइफोन ? आईफ्टोन द्धएस और आईफ्टोन दृजी सन् १९७६ मा स्टीभ जब्स र उनका साथीहरु स्टीभ वोज्नियाक तथा रोनाल्ड वेनले सँगै मिलेर एप्पल कम्पनीको स्थापना गरे । उक्त कम्पनी १.८ अर्ब अमेरिकी डलरको बजार पुँजीकरणसहित सन् १९८० मा स्टक मार्केटमा डेब्यू गऱ्यो । सोही वर्ष नोभेम्बरमा स्टीभ वोज्नियाक र स्टीभ जब्सको ओरिजिनल एप्पल कम्प्युटर अमेरिकामा ४ लाख अमेरिकी डलर लिलामीमा बेचियो । आईपोडको गडफादर भनिएका टोनी फेडेलले पहिलो आईफोनको कथा बीबीसीसँग साझा गरेका छन् । आईपोडलाई अझ राम्रो बनाउन सकिन्छ भन्ने उनको अवधारणा थियो । पहिलो आइफोनको प्रोटोटाइप आफ्नो साथबाट हराएको घटना पनि उनी सम्झिन्छन् । त्यो निकै महत्वपूर्ण घटना थियो । उनका अनुसार जब हवाई यात्राका क्रममा विमानबाट ओर्लिंदै गर्दा फेडेलले आफ्नो गोजीमा हात हाले तब उनी झसँग भए । किनकि गोजीमा राखेको आइफोनको प्रोटोटाइप हराएको थियो। अब स्टिभ जब्सलाई के जवाफ दिने होला ? भन्ने प्रश्न उनको मनमा उब्जियो । यद्यपि त्यही प्रोटोटाइपवाला आइफोन भविष्यमा यतिधेरै सफल प्रडक्ट बन्नेछ भन्ने कुराको पूर्वानुमान उनले गरेका थिएनन् । तर, गोजीबाट खसेको आइफोनको प्रोटोटाइप विमानमा उनी बसेको सिटमा अर्को सिटसँगको चेपमा फेला परेको थियो । त्यो समय माइक्रोसफ्टजस्ता कम्पनीहरू पर्सनल कम्प्युटरलाई फोनमा समाहित गर्न प्रयास गरिरहेका थिए । जबकि एप्पलको प्रयास चाहिं आईपोडमा सुधार गरेर त्यसलाई फोनको आकारमा ल्याउने थियो । त्यो बेला एप्पलले एउटा म्याकिन्टोस कम्प्युटरमा काम गरिरहेको थियो । उक्त कम्प्युटरको आकार टेबलटेनिसको टेबल जत्रै थियो । यसलाई टचस्क्रीन आईपोडमा तयार गर्नुपर्छ भनेर स्टिभले टोनीसँग भनेका थिए । टोनीका अनुसार त्यसका लागि सयौं व्यक्तिहरू आवश्यक थिए । तर अन्तत: उनीहरु सो लक्ष्य पूरा गर्न सफल भयौं । एप्पलसँग उत्कृष्ट उत्कृष्ट जनशक्ति थिए तर त्यसबेलासम्म फोन निर्माण गर्ने दक्षता उनीहरूसँग थिएन । त्यसैले टोनीले संसारका उत्कृष्ट विशेषज्ञसँग भेट्न विचार गरे । त्यसै क्रममा स्वीडेनको एक रेस्टुरेन्टमा एउटा टिमसँग डिनर खाएर फर्किंदै गर्दा उनका सबै सामानहरु हराए । त्यो कुनै प्रतिद्वन्द्वी कम्पनीको षडयन्त्र भएको उनको ठम्याइ छ । साथै त्यसबेला फोनमा किबोर्ड राख्ने वा नराख्ने भन्ने कुरालाई लिएर पनि ठूलो बहस सुरु भएको थियो । यसमा एप्पलको टिमभित्रै भित्र तनाव उत्पन्न भयो । आइफोनमा टचस्क्रीन होस् भन्ने स्टिभ जब्सको चाहना थियो । तर, टिमका बाँकी सदस्यहरुको सोचाइ भने त्यसको विपरित थियो । अन्तत: एक दिन स्टीभ जब्सले स्पष्ट रूपमा भने-जो टचस्क्रीनको विरोध गर्छन्, उनीहरू टिमबाट अलग हुनुपर्छ । फोनको डिजाइनको बारेमा पनि मतभेद थियो । यद्यपि टोलीले यसमा स्टिभबाट लुकेरै काम गरिरह्यो । सन् २००७ मा सन फ्रान्सिस्कोमा भएको एनुअल म्याकवर्ल्ड एक्सपोमा एप्पलका मालिक स्टीभ जब्सले पहिलो आइफोन लञ्च गर्दा यसको ठूलो खिल्ली उडाइयो । तर, अहिले यो कम्पनी संसारको सबैभन्दा धनी कम्पनीहरूको सूचीमो छ र आइफोन प्रयोगकर्ताहरूको संख्या लगातार बढिरहेको छ । एप्पलको पहिलो आइफोनमा टचस्क्रीन, वाइडस्क्रीन आइपोड, मोबाइल फोन र इन्टरनेट ब्राउजर जस्ता सुविधाहरू समावेश थिए । सीएनएनका अनुसार, लञ्चिडको समय स्टीभ जब्सले भनेका थिए, 'मैले यस दिनको प्रतिक्षा विगत दुई वर्षदेखि गरिरहेको छु ।'

पहिलो आइफोनको मूल्य ३९९ अमेरिकी डलर राखिएको थियो । सो आइफोनमा १६ जीबी मेमोरी, ३.५ इन्चको टचस्क्रीन र २ मेगापिक्सलको क्यामेरा जस्ता सुविधाहरू थिए ।

पहिलो आइफोन बनाउने विचार स्टीभ जब्सलाई कहाँबाट आयो ? सन् २०१० मा म्ड सम्मेलनमा दिएको एक अन्तर्वार्तामा स्टीभ जब्सले बताएका थिए कि उनी एक ट्याब्लेट बनाउने योजनामा काम गर्दै थिए । उनलाई त्यसबेला फोनको किबोर्डबाट कसरी छुटकारा पाउन सकिएला र कुनै काँचको मल्टिटच डिस्प्लेमा टाइप गर्न सकिएला ? भन्ने साँच आएको थियो । यसका लागि उनले आफ्नो टिमसँग कुरा गरे र भने 'हामी एक मल्टिटच डिस्प्ले बनाउन सक्छौं, जसले हामीलाई टाइपिङ्बाट राहत दिन सक्छ ।' स्टीभ जब्सले अन्तर्वार्तामा भनेका थिए, 'मल्टिटच डिस्प्लेको लागि करिब छ महिनापछि मेरो टिमले मलाई फोन गर्यो र उनीहरुले मलाई एउटा प्रोटोटाइप डिस्प्ले देखाए ।' उनी भन्छन्, 'मैले सो चिज मेरो एक अब्बल साथीलाई दिएँ र उसले केही हप्तापछि मलाई फोन गर्यो । जब मैले उसलाई रबरब्याण्ड र अन्य केही चीजहरूमा स्कोल गर्दै गरेको देखें, तब मलाई थाहा भयो कि हामीले ट्याब्लेटको सट्टा फोन नै बनाउन सक्छौं ।' त्यसपछि आफुले ट्याब्लेट प्रोजेक्टलाई छाडेर फोनतर्फ लागेको उनको भनाइ छ । उनले भनेका थिए-फोन धेरै महत्त्वपूर्ण थियो, त्यसैले हामीले अर्को केही वर्ष आइफोनमा केन्द्रित गर्यौं । अब हामी अर्को प्रोजेक्टमा पनि काम गर्न सक्छौं भन्ने लागेपछि मात्रै हामीले पुन: ट्याब्लेट प्रोजेक्टको समेत थाल्यौं । आईफोनका अलावा एप्पलले अरु के के बनाउँछ ? बैकग्राउंड में आईफ्टोन ज्ञ्ज के साथ एप्पल वा 'च छ एप्पल कम्पनीको स्थापना नै कम्प्युटरको निर्माणका लागि भएको थियो । कम्पनीले आफ्नो पहिलो ल्यापटप सन् १९९१ मा लन्च गरेको थियो । त्यसपछि कम्पनीले आफ्नो पहिलो म्याकबुक २००६ मा लन्च गऱ्यो । यसका अलावा, एप्पलले आइप्याड, आइफोन, स्मार्टवाच, एयरपड्स, भिजनका साथै यी उपकरणसँग सम्बन्धित एक्सेसरीज बनाउँछ । एप्पलले आफ्नो पहिलो आइप्याड सन् २०१० मा, स्मार्टवाच सन् २०१५ मा, एयरपड्स सन् २०१६ मा र विजन २०२४ मा लञ्च गरेको हो ।

किन सुरक्षित मानिन्छ आइफोन ? स्मार्टफोन लगतमा आईफोनलाई सबैभन्दा सुरक्षित मानिन्छ । यसका धेरै कारणहरू छन् । कम्पनीको आधिकारिक वेबसाइटअनुसार आइफोनमा सिक्योरिटी चेक जस्ता सुविधाहरू समावेश गरिएको छ, जसले प्रयोगकर्ताको निजी जानकारी बाहिर शेयर हुनबाट रोक्छ । यद्यपि, यो सुविधा आइफोनको अपरेटिङ सिस्टम ष्ङक ज्ञट वा त्यसपछिका संस्करणमा चल्ने आइफोनहरूमा मात्र उपलब्ध छ ।' सिक्योरिटी चेक।अन्तर्गत आइफोनमा केही यस्ता एप्स छन् जसले प्रयोगकर्ताको निजी जानकारी शेयर हुनबाट बचाउँछन् । आइफोनमा 'सिक्योरिटी चेकु सुविधा प्रयोग गर्नका लागि प्रयोगकर्तासँग एप्पल आईडी हुनु आवश्यक छ, जुन टू-फ्याक्टर अथेन्टिकेशन प्रयोग गर्दछ । आइफोन हराएको वा चोरिएको अवस्थाका लागि आईफोनमा एक विशेष सुविधा छ, जसले प्रयोगकर्ताको जानकारी गोप्य राख्छ । यसका अतिरिक्त मोबाइलमा ह्याकिङ, भाइरस वा साइबर आक्रमणबाट सुरक्षा गर्नका लागि पनि आइफोनमा सुविधाहरू उपलब्ध छन्, जसले आइफोनलाई थप सुरक्षित बनाउँछन् । यसको एउटा ज्वलन्त उदाहरण गत वर्ष सार्वजनिक भएको पेगासस सृटवेयरसँग सम्बन्धित घटना हो। त्यसबेला विश्वका धेरै चर्चित व्यक्तिहरुको आईफोनमा सुरक्षा सम्बन्धी एक अलर्ट आएको थियो । आइफोनसँग सम्बन्धित विभिन्न रेकर्ड आइफोनका सम्बन्धमा प्रयोगकर्ताको बीचमा खास क्रेज देख्न पाइन्छ । जसका कारण प्रयोगकर्ताहरूले अत्यधिक मूल्य चुकाएरसमेत आइफोन किन्न तयार हुन्छन् ।

हालै बेलायतका एकजना युट्युबरले विश्वको सबैभन्दा लामो आइफोन रेप्लिका बनाएर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाएका छन् । उक्त आईफोनको उचाइ ६.७४ फिट छ ।

सबैभन्दा धेरै सोधिने आइफोन सँग सम्बन्धित ५ प्रश्न

- आइफोनका नयाँ मोडेलको मूल्य
- आइफोनका नयाँ फिचरका बारे
- आइफोनको क्यामरा कति राम्रो छ ?
- के आइफोन पूर्ण रुपमा सुरक्षित छ
- आइफोनमा फेस आइडीले कति राम्रोसँग काम गर्छ ?

-अनलाइन खबर डटकम

जिल्ला क्रिकेट संघ पाल्पाको साधारण सभा

पाल्पा, असोज ७/जिल्ला क्रिकेट संघ पाल्पाले वार्षिक साधारण सभा गरेको छ । संघले सोमबार तानसेनमा एक समारोहकाबिच साधारण सभा गरेको हो ।

सभाको जिल्ला खेलकुद समिति पाल्पाका अध्यक्ष दिपक घिमिरेले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि घिमिरेले पछिल्लो समय जिल्लामा क्रिकेट खेल हराउँदै गएको बताए । उनले क्रिकेट खेललाई जीवन्त राख्न खेलकूद समिति र आफु स्वयमं लागि परेको धारणा व्यक्त गरे । अध्यक्ष घिमिरेले क्रिकेट खेलमा भविष्य रहेकाले त्यसतर्फ आकर्षित हुन जिल्लाका खेलाडीहरूलाई आग्रह गरे । खेलकुद पत्रकार मञ्च पाल्पाका अध्यक्ष तथा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले सरकारी तवरबाट क्रिकेट खेलप्रति चासो नराख्दा सम्भावना भएर पनि खेल क्षेत्रको विकास हुन नसकेको बताए । उनले जिल्लामा उपयुक्त खेल मैदान नहुँदा क्रिकेट खेलका गतिविधिहरु हुन नसकेकाले त्यसतर्फ स्थानीय सरकारले ध्यान दिनुपर्ने उल्लेख गरे । अध्यक्ष अर्यालले भने,'खेलतर्फ स्थानीय सरकारको लगानी हुन सकेको छैन, जसले गर्दा यहाँका खेल गतिविधिहरुले गति लिन सकेका छैनन् ।' जिल्ला क्रिकेट संघ पाल्पाका पूर्व अध्यक्ष उपेन्द्र नेपालले क्रिकेट खेलको इतिहास जोगाउन सबै पक्षले ध्यान दिन जरुरी रहेको बताए । क्रिकेटलाई व्यावसायिक बाटोमा अघि बढाउने कुरामा तीनै तहका सरकारले चासो देखाउनुपर्नेमा उनले जोड दिए । 'नेपाली क्रिकेटलाई स्थापित गर्न संघले निकै ठूलो संघर्ष गर्दै आइरहेको छ । सरकारी स्तरमा नै क्रिकेटप्रति लगानी कम हुँदै गएको अनुभूति हामीले गरेका छौं' नेपालले भने । संघका सचिव विनोद नेपालको अध्यक्षता, सदस्य पूर्णराज शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

तानसेनमा पिताहरूको...

...क्लबका निवर्तमान अध्यक्ष किशोर दर्शन बज्राचार्यले स्वर्गीय बुवाहरूको सम्झनासँगै दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । उनले भने 'जिल्ला भरिका खेलाडीहरूको प्रतिभा प्रस्फुटन गरि राष्ट्रियस्तरको खेल खेलाउने तयारीका लागि प्रतियोगिता गरिएको हो ।' कार्यक्रममा नारायण गुठी व्यवस्थापन समितिका अध्यक्ष नारायण कोइराला क्लबका सल्लाहकारहरू युवराज पौडेल, सकुन्तला बज्राचार्य, जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी निरिक्षक कमल प्रधान, सशस्त्र प्रहरी नायक उपरीक्षक श्याम महर्जन, क्लबका कानुनी सल्लाहाकार शंकर बस्याल, जिल्ला ब्याडमिन्टन संघ पाल्पाका अध्यक्ष बसन्त बज्राचार्य, प्याल्सन पाल्पाका अध्यक्ष महेशमान बज्राचार्य लगायतले खेल अहिलेको अवस्थामा आवश्यक रहेको औल्याएका थिए । २ दिनसम्म चलेको प्रतियोगिताको उपाधि रैनादेवी छहराले हात पारेको छ ।

रैनादेवी छहरा गाउँपालिकाका बलबहादुर राना र थमन गाहाको समूहले उक्त उपाधि हात पारेका हो । त्यस्तै रामपुर नगरपालिकाका आशिष शाही र मुक्ति कुमालको समूहले द्वितीय स्थान, तानसेन नगरपालिकाका कृष्ण अग्रहरि र राजेन्द्र खड्कीको समूहले तृतीय स्थान हासिल गरेका छन् । यस्तै दिलबहादुर खाम्चा र कुमार सिङ्जालीको समूहले समेत तृतीय स्थान हात पारेको छ ।

प्रथम हुने समूहले १५ हजार सिल्ड, मेडल र प्रमाणपत्र, द्वितीय हुनेलाई १० हजार सिल्ड,मेडल र प्रमाणपत्र र तृतीय हुने २ समूहले क्रमश ५ हजार सिल्ड,मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगितामा ५० समूहको सहभागीता रहेको थियो । क्लबका अध्यक्ष प्रविनराज शाक्यको अध्यक्षता, सचिव विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

काभा महिला भलिबल विजेतालाई स्वागत

काठमाडौं, असोज ७/काभा महिला भलिबल क्लब च्याम्पियनशिप जितेको नेपाल पुलिस क्लब स्वदेश फर्किएपछि भव्य स्वागत गरिएको छ । टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरिएको छ ।

विजेता टोलीलाई प्रहरीका अधिकृतहरूले विमानस्थल परिसरमा ब्यान्डबाजा, पुष्पगुच्छा, खादा र मालाले स्वागत गरेका हुन् । साथै खेलाडीहरूलाई फूल र बेलुनले सजाइएको प्रहरी भ्यानमा राखेर गन्तव्यतर्फ पुऱ्याइएको छ । माल्दिभ्सको मालेमा अस्ति शनिवार भएको फाइनलमा पुलिसले उज्बेकिस्तानको हुमो भलिबल क्लबमाथि ३-० को सोझो सेटमा जीतसहित उपाधि हात पारेको थियो । पुलिसले अपराजित रहँदै फाइनलमा स्थान बनाएको थियो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक छफ.एम. ९४.१ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

अर्थ/कर्पोरेट समाचार

नेप्सेमा ५५ अंकले गिरावट

पाल्पा, असोज ७/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट आएको छ । सोमबार नेप्से परिसूचक ५९ दशमलव ०२ अङ्कले गिरावट आएको हो ।

नेप्से घटेसँगै दुई हजार पाँच सय २९ दशमलव ३३ अङ्कमा कायम भएको छ । सोही अवधिमा नेप्सेमा तीन सय २९ कम्पनीको एक करोड ३५ लाख ३५ हजार नौ सय तीन कित्ता शेयर ७७ हजार एक सय ५३ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ६६ करोड तीन लाख दुई हजार छ सय ८३ बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचक पनि घटेको छ । सबैभन्दा धेरै वित्त समूहको उपसूचक पाँच दशमलव ५६ प्रतिशतले घटेको छ । बैंकिङ्ग एक दशमलव २७, विकास बैंक दुई दशमलव ४६, होटल तथा पर्यटन तीन दशमलव ३४, जलविचुत् दुई दशमलव ८९ र लगानी समूह दुई दशमलव ७३ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बीमा समूह दुई दशमलव ३५, उत्पादन तथा प्रशोधन एक दशमलव ८१, लघुवित्त दुई दशमलव ५६, म्युचुअल फन्ड शून्य दशमलव ४८, निर्जीवन बीमा दुई दशमलव ६९, व्यापार तीन दशमलव ९३ र अन्य समूह दुई दशमलव २२ प्रतिशतले घटेको छ । सो अवधिको कारोबारमा दुई सय २९ कम्पनीको शेयर मूल्य घटेको छ भने १४ कम्पनीको शेयर मूल्य मात्रै बढेको छ । हिमालयन हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ८४ प्रतिशतले बढेको छ । चारवटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । गुडविल फाइनान्स लिमिटेड, समृद्धि फाइनान्स कम्पनी लिमिटेड, एनआइसी एसिया ूलेक्स क्याप फन्ड र इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेको हो । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको २१ करोड १३ लाख ४२ हजार सात सय ३२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने लक्ष्मी सनराइज बैंक लिमिटेड प्रमोटर शेयर पाँच लाख कित्ता खरिदबिक्री भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम भने बढेको हो । उक्त दिन कारोबारमा आएका १३ उपसमूहमध्ये सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा भारी गिरावट आएको हो ।

डेंगीका लक्षणहरू

- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु
- बेस्सरी टाउको दुख्नु
- आँखाको गेडी दुरुनु,
- हाडजोनी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा विविरा आउनु
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, वान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

हार्दिक समवेदना

आयो टप्प टिपी लम्यो मिति पुग्यो टारेर टाईँन त्यो ।
इन्नी बिन्ती गरुङ् भ्नुकेर पद्मा त्यो बिन्ती मान्यैन त्यो ।।

जन्म
जन्म : २००४/११/१५

स्व.देवेन्द्रबहादुर रायमाझी

दिवंगत
स्वर्गारोहण : २०८१/०६/०२

पाल्पा प्यारागन इङ्गलिश बोडिङ्ग स्कूल, तानसेन-३, पाल्पाका शेयर सदस्य राजन रायमाझी एवं शुभेच्छुकहरु निराजन, मिलन, बद्री रायमाझीका पुजनीय पिता, सामाजिक व्यक्तित्व, एक कुसल राष्ट्रसेवक **देवेन्द्रबहादुर रायमाझीको** यही मिति २०८१ असोज २ गतेका दिन ७८ वर्षको उमेरमा भएको दुःखद् निधनले विद्यालय परिवार अत्यन्तै स्तब्ध भएको छ । साथै यस दुःखद् घडीमा दिवंगत आत्माको स्वर्गमा वास होस् भनी चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

गंगाबहादुर खत्री
प्रिन्सिपल

एवं

जगदीशप्रसाद भट्टराई
अध्यक्ष

पाल्पा प्यारागन इङ्गलिश बोडिङ्ग स्कूल, तानसेन-३, पाल्पा परिवार

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/७४. पा.जि.प्र.का.द.नं. १९/७५१/७५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई